# नरैनापुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३
(अध्यक्षको सचिवालय)

पत्र संख्याः २०८२/०८३
चलानी नं.:

मितिः २०८२/०८/१८

## प्रेस विज्ञप्ति

नरैनापुर गाउँपालिकामा हालका केही दिनयता शिक्षा क्षेत्रमा देखिएको अनियमितता, माफियाकरण र अराजकता विरुद्धको नाममा विद्यालय तथा स्वास्थ्य सेवा बाहेकका यातायात र अन्य सार्वजनिक सेवा बन्द गरिने भन्ने सूचनाहरू सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको जानकारी प्राप्त भएको छ ।

गाउँपालिकाको तर्फबाट यस विषयमा केही अत्यन्त महत्वपूर्ण पक्षहरू स्पष्ट पार्न चाहन्छु :-

१. बन्द हड्ताल बिना सूचना, कानुनविपरीत र समाजविरोधी कुनै पनि माग, विरोध वा आन्दोलनको कार्यक्रम सार्वजनिक निकायसँग संवाद गरी, औपचारिक ज्ञापन बुझाई, कानुनी मार्ग अनुसरण गरी अघि बढाउनुपर्छ ।
तर पछिल्लो घटना क्रममा गाउँपालिकालाई कुनै सूचना नदिई, कुनै माग पेश नगरी, विद्यालयका बालबालिकालाई प्रयोग गरी सडक जाम जस्ता संवेदनशील गतिविधि गरिनु अत्यन्त दुःखद तथा निन्दनीय छ।

२. बालबालिका हाम्रो भविष्य उनीहरूलाई प्रयोग गर्नु अपराधसरह :
विद्यालयमा पढिरहेका नानी—बाबुहरू राजनीतिक दबाब, निजी स्वार्थ वा समूह—गत अभिप्रायका लागि प्रयोग गरिनु केवल गलत मात्र होइन, नैतिक रूपमै आपराधिक विचारधारा हो ।
हामी सबैले बुझ्नुपर्छः बालबालिका आन्दोलनको उपकरण होइनन्, उनीहरू देशको भविष्य हुन् । उनीहरूलाई कक्षा कक्षबाट निकालेर सडकमा उतार्ने, मानसिक तनावमा पुऱ्याउने र शिक्षाबाट वञ्चित गराउने काम कानून र समाज दुवैको दृष्टिमा अस्वीकार्य छ।

३. निजी स्वार्थका लागि बन्द—हड्ताल उठाउने प्रवृत्ति तत्काल रोकियोस्
नरैनापुरका बासिन्दाहरू शान्तिपूर्ण, श्रमशील र सद्भावपूर्ण समुदाय हुन् । यहाँका जनताले विगतका वर्षहरूमा धेरै कठिनाइ सहेर विकास र सुशासनका लागि हातेमालो गर्दै आएका छन् । यस्तो परिस्थितिमा, केही व्यक्तिहरूले व्यक्तिगत स्वार्थ, सङ्गठनगत दबाब वा बाह्य प्रभावमा परेर सेवा प्रवाह अबरुद्ध गर्ने प्रयास गर्नु नरैनापुरको पहिचान र भविष्य दुवैका लागि घातक छ ।

४. शिक्षक सरुवाको विषय अदालतको आदेशअनुसार नै अघि बढिरहेको छ | हाल केही व्यक्तिहरूले शिक्षक सरुवालाई कारण बनाई भ्रम फैलाउने प्रयास गरिरहेको देखिन्छ ।